# प्रेस विज्ञप्ति

## मुक्तिनाथ विकास बैंक लि.का संस्थापक अध्यक्ष खगेन्द्रराज रेग्मीको निधनमा शोक सभा

मिति: २०८१/०१/३१

मुक्तिनाथ विकास बैंक लि.को संस्थापक अध्यक्ष खगेन्द्रराज रेग्मीको निधनमा बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाण्डौमा मिति २०८१ साल जेठ १ गते शोक सभा कार्यक्रम सम्पन्न भएको छ । उक्त शोक सभामा बैंकका वर्तमान तथा पूर्व सञ्चालकहरुको साथै, केन्द्रीय कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा एक मिनेट मौन धारण गर्नुको साथै उहाँले बैंक स्थापना तथा बृद्धिको लागि गर्नु भएको योगदानको चर्चा गरिएको थियो । विभिन्न व्यवधानहरु र चुनौतीहरुको सामना गर्दै स्याङ्गजा जिल्लामा स्थानीय व्यक्तिहरुलाई समेटेर बैंक सञ्चालनमा ल्याउनु, जनविश्वास आर्जन गर्नु र फरक शैली तथा सेवाहरु सहित बैंकको व्यवसायलाई विस्तार गर्नु आफैमा कठिन काम थियो । तथापी, सञ्चालक समितिमा उहाँको कुशल नेतृत्वले बैंकलाई नयाँ उचाईमा लैजान सफल हुनु भएको थियो ।




संस्थापक अध्यक्ष रेग्मीको २०८१ जेठ ०१ गते मंगलबार बिहान ५ बजे आफ्नै निवास, स्याङ्गजामा निधन भएको छ । उहाँ लामो समयदेखि बिरामी भई उपचाररत हुनुहुन्थ्यो । वि.सं.२००६ साल साउन १५ गते भिरकोट नगरपालिका वडा नं.-७, (साविक खिलुङ गा.वि.स.वडा नं.-२) स्याङ्गजामा पिता देविप्रसाद रेग्मी र माता नोमा कुमारी रेग्मीको कोखबाट जन्मनु भएको उहाँ करिव २३ वर्ष शिक्षण पेशामा बिताउनुको साथै समाज सेवामा पनि सक्रिय हुनुहुन्थ्यो । उहाँ स्याङ्गजा जिल्लाको शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा अतुलनीय योगदान दिने ब्यक्तिको रुपमा चिनिनु हुन्छ । आफ्नो जीवनको सम्पूर्ण समय समाज र जनताको हकहितमा बिताउनु भएका उहाँ स्वच्छ छबी भएका सामाजिक ब्यक्तिको रुपमा लोकप्रिय हुनुहुन्थ्यो । उहाँको आजै साँझ स्याङ्गजाको राम्दीमा हिन्दु परम्परा अनुसार अन्त्यष्ठी भएको छ । यस दु:खद घडिमा मुक्तिनाथ विकास बैंक परिवारले संस्थापक अध्यक्ष स्वर्गीय रेग्मी प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त सम्पूर्ण परिवारजन तथा आफन्तहरुमा गहिरो समवेदना व्यक्त गर्दछ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग